## सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम

# २०८२ श्रावण, भदौ र असोज

## महिनामा सम्पादित प्रमुख क्रियाकलापहरू (स्वतः प्रकाशन) को विवरण




# प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश, बुटवल

## १. पृष्ठभूमि :

नेपालको संविधानको भाग २३ धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था रहेको छ। यस संवैधानिक व्यवस्था अनुरुप प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ३ बमोजिम प्रदेश लोक सेवा आयोग गठन भई आयोगको कार्यालय लुम्बिनी प्रदेशको बुटवलमा स्थापना भई सञ्चालनमा आएको छ। प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवा तथा संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउनका लागि गठन भएको हो। यसै गरी प्रदेश र स्थानीयस्तरमा उल्लेखित सेवाका विभिन्न सेवा समूहका पदहरूमा उपयुक्त जनशक्तिलाई आकर्षित गर्ने, परीक्षा संचालन गरी सिफारिस गर्ने कार्यमा निष्पक्षता, तटस्थता र योग्यता कायम गरी जनशक्ति व्यवस्थापनमा प्रदेश सरकारलाई सहयोग गर्ने उद्देश्यले प्रदेश लोक सेवा आयोग क्रियाशिल रहेको छ ।

## २. दीर्घकालीन सोचः

प्रदेश सरकारको दीर्घकालीन सोच **"समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश"** अनुरुप लुम्बिनी प्रदेशमा गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च नैतिक चरित्र भएका जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गर्ने साथै प्रदेशमा सुशासन प्रवर्द्धनमा सहयोग गर्ने ।

## ३. उद्देश्यः

- प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरू सञ्चालन गर्ने ।
- परीक्षा पद्धतिमा सुधार गरी समसामयिक एवं वैज्ञानिक प्रणाली अवलम्बन गर्ने ।
- सेवा प्रवाहसँग सम्बन्धित समय सापेक्ष पाठ्यक्रम तर्जुमा गरी दक्ष उम्मेदवार छनोट गर्ने ।
- लोक सेवाका मूलभूत मान्यता : योग्यता प्रणाली, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने।
- प्रदेश, स्थानीय तह र अन्य तोकिएको क्षेत्रमा जनशक्ति व्यवस्थापनमा अध्ययन अनुसन्धान गर्ने।
- तोकिएका विषयमा सम्बन्धित निकायलाई परामर्श दिने ।

## ४. रणनीतिहरूः

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६१ र ६२ मा व्यवस्था भए बमोजिम निर्माण गरिएका आयोगको नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिकाको कार्यान्वयन तथा अद्यावधिक गर्दै जाने।

- आयोगको लागि आवश्यक हुने विभिन्न विषय क्षेत्रका विज्ञको रोस्टर सूची तयार तथा अद्यावधिक गर्दै जाने।
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न तहका पदको पाठयक्रम निर्माण र अद्यावधिक गर्दै जाने।
- आयोगको भौतिक पूर्वाधार, जनशक्ति र प्रविधिको विकास गर्दै आयोगको सक्षमता वृद्धि गर्ने।
- लोक सेवा आयोगका मूलभूत मान्यता, योग्यता, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने ।
- गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम, चरित्रवान र सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने जनशक्ति छनोट गर्ने।
- प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय तहहरूलाई सुशासन प्रवर्द्धनका लागि सहयोग गर्ने।

## ५. कार्यक्षेत्रः

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७ मा उल्लेख भए बमोजिम यस आयोगको कार्यक्षेत्र देहाय बमोजिम रहेका छन्
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्ने ।
- प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने ।
- प्रदेश निजामती सेवा, अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा परामर्श दिने ।
- संगठित संस्थाको सेवाका कर्मचारीहरूको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कार्यवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने ।
- प्रदेश निजामती सेवाको शर्त सम्बन्धी विषयमा प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कार्यवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने।
- कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामतीसेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने ।

- आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्नु पर्ने विषयमा र प्रदेश सरकारी सेवाको र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा परामर्श दिने ।

## ६. कानूनी तथा नीतिगत व्यवस्थाहरू

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा हालसम्म प्रयोग गर्दै आएका कानून एवम् कार्यविधिहरू निम्न अनुसार छन्ः-

- नेपालको संविधान, २०७२
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- कर्मचारी समायोजन ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६
- प्रदेश निजामती सेवा ऐन,२०८० तथा प्रदेश निजामती सेवा नियमावली,२०८०
- स्थानीय निजामती सेवा ऐन,२०८१ तथा स्थानीय निजामती सेवा नियमावली,२०८१प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७
- प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७६
- प्रदेश लोक सेवा आयोग परामर्श सम्बन्धी (कार्यविधि) निर्देशिका, २०८०
- प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६
- परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरू
- निजामती सेवाका विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्त र निर्णयहरू
- प्रदेश लोक सेवा आयोगका समय—समयका निर्णयहरू
- लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू

## ७. आयोगको मौजुदा अवस्था

### आयोगको गठन

- अध्यक्ष डिलाराम भट्टराइ (२०८२ श्रावण २३ सम्म)
- सदस्य बावुराम गौतम (२०८२ असोज २९ सम्म)
- सदस्य श्री डिम्पल गुरुङ्ग
- सचिव श्री बावुराम भण्डारी


## ८. संगठन संरचना तथा जनशक्ति विवरण

**तालिकाः दरबन्दी र पदपूर्तिको अवस्था**

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | स्वीकृत दरवन्दी | पदपूर्ति संख्या | रिक्त दरवन्दी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | प्रशासन | सा.प्र. | एघारौं | १ | १ | ० |
| २ | उपसचिव/ व.उपसचिव | प्रशासन | सा.प्र. | नवौं/दशौं | २ | २ | ० |
| ३ | शाखा अधिकृत/व.शाखा अधिकृत | प्रशासन | सा.प्र. | सातौं/आठौं | ४ | ४ | ० |
| ४ | कम्प्युटर ईन्जिनियर | विविध | विविध | सातौ/आठौं | १ | ० | १ |
| ५ | कानून अधिकृत | न्याय | कानुन | सातौ/आठौं | १ | १ | ० |
| ६ | शिक्षा अधिकृत/व.शिक्षा अधिकृत | शिक्षा | शि.प्र. | सातौ/आठौं | १ | १ | ० |
| ७ | वरिष्ठ प्रशासन सहायक/अधिकृत | प्रशासन | सा.प्र. | पाचौं/छैटौं | ९ | ९ | ० |
| ८ | कम्प्यूटर अपरेटर/अधिकृत (कम्प्यूटर) | विविध | विविध | पाचौं/छैटौं | ४ | ४ | ० |
| ९ | लेखापाल/अधिकृत(लेखा) | प्रशासन | लेखा | पाचौं/छैटौं | १ | १ | ० |
| १० | ह.स.चा. | | | श्रेणी विहीन | ५ | ५ | ० |
| ११ | का.स. | | | श्रेणी विहीन | ४ | ४ | ० |
| **जम्मा** | | | | | **३३** | **३२** | **१** |

# प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश, बुटवल




*प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०५/११ को निर्णय बमोजिमको अस्थायी दरबन्दी

## ९. आयोगको कार्यसम्पादनका आधारभूत सिद्धान्तहरू

आयोगले कार्यसम्पादन गर्दा स्वतन्त्र, निष्पक्ष तथा स्वच्छताको आधारमा योग्यता प्रणालीलाई प्रमुख प्राथमिकता दिई देहाय बमोजिमका मुख्य सिद्धान्तहरू अवलम्बन गर्नु पर्दछ । यसरी योग्यता, स्वच्छता र निष्पक्षताको जगमा उत्कृष्टताको मापन गरी प्रदेश सरकार र स्थानीय तहहरूलाई चाहिने जनशक्तिको छनौट तथा सिफारिस गर्ने कार्यमा प्रदेश लोक सेवा आयोग प्रतिबद्ध भइ कार्यसम्पादन गर्नु आयोगको दायित्व हुन्छ । लोक सेवा आयोगका स्थापित सिद्धान्तहरूलाई प्रदेश लोक सेवा आयोगले अनुसरण गरी काम गर्नु गराउनु पर्छः-




## १०. आयोगबाट प्रदान गरिने सेवाहरूः

- वार्षिक कार्यतालिका प्रकाशन
- माग पद संकलन
- प्रतिशत निर्धारण
- शैक्षिक योग्यता एवं पाठ्यक्रम निर्माण, परिमार्जन र संशोधन
- विज्ञापन प्रकाशन
- दरखास्त संकलन
- प्रश्नपत्र निर्माण र परिमार्जन
- प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन
- उत्तरपुस्तिका परीक्षण
- लिखित नतिजा तयारी एवं प्रकाशन

- प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण(प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण हुने पदहरूका लागि)
- अन्तर्वार्ता
- सिफारिस
- बढुवा सम्बन्धी उजुरीमा आवश्यक छानविन गरी आवश्यक निर्णय गर्ने
- रिक्त पदहरूको नियुक्ति, पदस्थापना लगायतका विषयमा निरीक्षण गर्ने।

## ११. दस्तुर तथा शुल्कः

**आयोगबाट विभिन्न कामको सिलसिलामा लिईने दस्तुर, शुल्क देहायबमोजिम व्यवस्था गरिएको छ।**

**दरखास्तको दस्तुर तथा शुल्क विवरण(बढुवाको लागि समेत)**

| तह | दस्तुर (रु.) |
|---|---|
| एघारौं र बाह्रौं तह | १५०० |
| नवौं र दशौं तह | १२०० |
| छैटौं, सातौं र आठौं तह | १००० |
| पाँचौं तह | ५०० |
| चौंथो तह | ४०० |
| तेश्रो तह | ३०० |
| सवारी चालक | २०० |
| कार्यालय सहयोगी | १०० |

**समान तहको विभिन्न पदको संयुक्त परीक्षा हुनेगरी विज्ञापन भएकोमा प्रति थप समूह/पत्रको लागि निम्न बमोजिम परीक्षा दस्तुरको व्यवस्था रहेको छः**

| तह | दस्तुर (रु.) |
|---|---|
| एघारौं र बाह्रौं तह | ६०० |
| नवौं र दशौं तह | ५०० |
| छैटौं, सातौं र आठौं तह | ४०० |
| पाँचौं तह | २०० |
| चौंथो तह | १५० |
| सवारी चालक र कार्यालय सहयोगी | १०० |

## १२. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

### (क) प्रक्रिया

- सूचना मागकर्ताले आफुले माग गरेको सूचना सहितको विवरण उल्लेख गरी आयोगको सूचना अधिकारीलाई सम्बोधन गरी निवेदन दिनुपर्ने,
- निवेदकले माग गरे बमोजिमको सूचना तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको भएमा सूचना अधिकारीले कारण सहित सूचना उपलब्ध गराउने समय तोकी सोको जानकारी निवेदकलाई गराइनेछ,
- सूचना अधिकारी समक्ष माग गरिएको सूचना आफुभन्दा माथिल्लो तहबाट निर्णय गराउनुपर्ने भएमा सोको जानकारी सूचना मागकर्तालाई तत्काल गराई १५ दिनभित्र सूचना माग निवेदन उपर भएको निर्णय उपलब्ध गराइनेछ,
- सूचना मागकर्ताले माग गरेको विवरण स्थलगत भ्रमणबाट दिन सकिने अवस्था भएमा सूचना अधिकारीलाई स्थलगत भ्रमण गरी प्रतिवेदन पेश गर्न लगाउन सकिनेछ। यसरी भ्रमण गरिसकेपछि भ्रमणमा खटिने पदाधिकारीले माग सूचनाको सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्नेछ। प्राप्त प्रतिवेदनका आधारमा निर्णय गराउन आवश्यक भए निर्णय गराई र निर्णय गराउन आवश्यक नभए सोझै सूचना अधिकारीले आवश्यकता अनुसारको सूचना मागकर्तालाई उपलब्ध गराइनेछ,
- प्रदेश लोक सेवा आयोगको ऐन, नियम तथा निर्देशिकाले सूचना प्रवाह गर्न नमिल्ने, गोप्य रहने भनी तोकिएको विषयमा सूचना प्रवाह गरिने छैन,
- अन्य विषयको निर्णय विषयको कार्यप्रकृति अनुसार टिप्पणी, समूह प्रतिवेदन, छलफल आदिका आधारमा हुने गर्दछ।

### (ख) निर्णय गर्ने अधिकारी

- सूचनासँग सम्बन्धित विषयको प्रकृति अनुसार आयोगका सचिव वा आयोग

### (ग) सूचना अधिकारीले उपलब्ध गराएको सूचना उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री बावुराम भण्डारी मोबाइल नं. ९८५७०८१०६२

### (घ) प्रवक्ता र सूचना अधिकारी

प्रवक्ताको नामः राजेन्द्र प्रसाद पन्थी मोबाइल नं.:- **९८५७०८८६९५**

सूचना अधिकारीको नामः लक्ष्मण प्रसाद ज्ञवाली मोबाइल नं.:- **९८५७०८८६९६**

## १३. सम्पादन गरेको कामको विवरण (२०८२ श्रावण-असोज)

- चालु आ.व. को वार्षिक कार्यतालिका बमोजिम विज्ञापन प्रकाशनार्थ प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गतका रिक्त पदहरुमा स्थायी पदपुर्तिका लागि माग आकृति फाराम माग गरिएकोमा हालसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अधिकृतस्तर एघारौं तह (स्वास्थ्य सेवा) र ७१ वटा स्थानीय तहबाट प्राप्त माग आकृति फाराम संकलन गरी प्रतिशत निर्धारणको लागि तयारी गरेको ।

- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८२।०६।०८ गतेको पत्रबाट नयाँ संगठन संरचना र दरवन्दी स्वीकृत गर्ने कार्य सम्पन्न नभई वास्तविक रिक्त पद के कति हुने भन्ने विषय एकिन गर्न कठिन भएकोले सो विषय टुङ्गोमा पुर्‍याई पदपूर्तीका लागि माग पठाउने व्यवस्था गरी प्रदेश सरकारको संगठन संरचना र दरबन्दी चुस्त दुरूस्त बनाई चालु खर्चमा मितव्ययिता ल्याउन एवं कर्मचारीको वृत्ति विकासको अवसरमा समेत प्रतिकुल असर पर्न नदिन मंसिर महिनाको अन्त्यतिर विज्ञापन गर्ने गरी (सातौं तह देखि एघारौं तहसम्मको हकमा) कार्यतालिका परिमार्जन/परिवर्तन गर्ने व्यवस्था हुन भनी पत्र प्राप्त भए बमोजिम आयोगको मिति २०८२।०६।२१ को निर्णयानुसार पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका संशोधन गरी मंसीर महिनाबाट विज्ञापनको सूचना प्रकाशन गर्ने गरी पुनःप्रकाशित गरिएको ।
- प्रदेश निजामती सेवा, शिक्षा सेवा अन्तर्गतको नवौ तहको पाठ्यक्रम निर्माण समिति बाट तयार गरी आयोगबाट स्वीकृत गरिएको । प्रदेश निजामती सेवाको प्रशासन सेवाको एघारौ तहको पाठ्यक्रम निर्माण समितिबाट तयार गरिएको ।
- आर्थिक वर्ष २०८२।८३ को पदपूर्तिका लागि आयोगको पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका संशोधन सहित स्वीकृत भएको ।
- मिति २०८२/०५/२४ गते भएको आन्दोलनको क्रममा यस आयोगका ४ वटा चार पाङ्ग्रे सवारी साधन, ८ वटा दुई पाङ्ग्रे सवारी साधन लगायत कार्यालयमा भएका खर्च भएर जाने र खर्च भएर नजाने कार्यालय व्यवस्थापनका सामग्रीहरू (भवनको क्षति बाहेक) मा आगजनी हुँदा करिब रु.३,७३,४५,२२८।(अक्षररुपी तीन करोड त्रिहत्तर लाख पैतालीस हजार दुई सय अठ्ठाइसको) क्षति भएको र आयोगले प्रयोग गरेको तेस्रो, चौथो र पाँचौ तलामा आगजनी भई आयोगको नियमित सेवा प्रभावित भएको छ।

**नतिजा प्रकाशन शाखा :-** आ.व. २०८१/०८२ मा द्वितीय चरणको लिखित परीक्षा कार्यक्रम सम्पन्न भएका तपसिलमा उल्लिखित अन्तर तह र खुला तथा समावेशी तर्फका २२ वटा विभिन्न पदहरूको लिखित परीक्षाको नतिजा प्रकाशन गरी अन्तर्वार्ता कार्यक्रम हुने मिति र समय तोकिएको थियो।

**अन्तर्वार्ता तथा सिफारिस शाखा :-** आ.व. २०८१/०८२ मा अन्तर्वार्ता कार्यक्रम सम्पन्न भएका अन्तर तह र खुला तथा समावेशी तर्फका ३७ वटा विभिन्न पदहरूमा २४३ जना र वैकल्पिक तर्फ ६ जना गरी जम्मा २४९ जना उम्मेदवारलाई स्थायी नियुक्तिका लागि सम्बन्धित निकायमा सिफारिस गरिएको छ। साथै ४ वटा विज्ञापनमा कुनै पनि उम्मेदवार सिफारिस भएका छैनन्। उक्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ:

## सिफारिस उम्मेदवारहरूको पदगत संख्यात्मक विवरण

| क्र.सं. | विज्ञापन नं. | सेवा, समूह, उपसमूह | पद | तह | सिफारिस संख्या |
|---|---|---|---|---|---|
| १. | ५००२६/०८१-८२ | प्रदेश प्रशासन,तथ्याङ्क | तथ्याङ्क सहायक | सहायकस्तर पाँचौं | १ |
| २. | ५१०४१/०८१-८२ | प्रदेश स्वास्थ्य,आयुर्वेद,जआयुर्वेद. | कविराज | सहायकस्तर पाँचौं | १ |
| ३. | ५१०४२/०८१-८२ | प्रदेश स्वास्थ्य,डेण्टिष्ट्री | डेण्टल हाइजिनिष्ट | सहायकस्तर पाँचौं | १ |
| ४. | ५१०४३/०८१-८३ | प्रदेश स्वास्थ्य,रेडियोग्राफी | रेडियोग्राफर | सहायकस्तर पाँचौं | १ |
| ५. | ५१०४४/०८१-८२ | प्रदेश स्वास्थ्य,हेल्थ इन्स्पेक्सन | हेल्थ असिष्टेन्ट | सहायकस्तर पाँचौं | १ |
| ६. | ५१०४५-४७/०८१-८२ | प्रदेश स्वास्थ्य,हेल्थ इन्स्पेक्सन | हेल्थ असिष्टेन्ट | सहायकस्तर पाँचौं | ५ |
| ७. | ५१०५१/०८१-८२ | प्रदेश स्वास्थ्य,विवध,एनेस्थेसिया | एनेस्थेसिया सुपरभाइजर | सहायकस्तर पाँचौं | १ |
| ८. | ५१०५२-५३/०८१-८२ | प्रदेश स्वास्थ्य,विवध,एनेस्थेसिया | एनेस्थेसिया सुपरभाइजर | सहायकस्तर पाँचौं | २ |
| ९. | ५१०४९-५०/०८१-८२ | प्रदेश स्वास्थ्य,मेडिकल रेकर्ड | मे.रे. सुपरभाइजर | सहायकस्तर पाँचौं | २ |
| १०. | ५१०५४/०८१-८२ | प्रदेश स्वास्थ्य,मे.टे.ल्या.,ज.टे.ल्या.मे. | ल्याव टेक्निसियन | सहायकस्तर पाँचौं | १ |
| ११. | ५१०५५-५६/०८१-८२ | प्रदेश स्वास्थ्य,मे.टे.ल्या.,ज.टे.ल्या.मे. | ल्याव टेक्निसियन | सहायकस्तर पाँचौं | ३ |
| १२. | ५१०५७/०८१-८२ | प्रदेश स्वास्थ्य,जनरल नर्सिङ्ग | स्टाफ नर्स | सहायकस्तर पाँचौं | १ |
| १३. | ५१०५८-६०/०८१-८२ | प्रदेश स्वास्थ्य,जनरल नर्सिङ्ग | स्टाफ नर्स | सहायकस्तर पाँचौं | ५ |
| १४. | ५१०६२/०८१-८२ | प्रदेश स्वास्थ्य,फार्मेसी | फार्मेसी सुपरभाइजर | सहायकस्तर पाँचौं | १ |
| १५. | ५१०६३/०८१-८२ | प्रदेश स्वास्थ्य,पब्लिक हेल्थ नर्सिङ्ग | पब्लिक हेल्थ नर्स | सहायकस्तर पाँचौं | १ |
| १६. | ५१०६४-६५/०८१-८२ | प्रदेश स्वास्थ्य,पब्लिक हेल्थ नर्सिङ्ग | पब्लिक हेल्थ नर्स | सहायकस्तर पाँचौं | २ |
| १७. | ५२०११-१७/०८१-८२ | प्रदेश इन्जिनियरिङ,सिभिल,स्या.इ/. | सब इन्जिनियर | सहायकस्तर पाँचौं | २१ |
| १८. | ५२०१८/०८१-८२ | प्रदेश इन्जिनियरिङ,सिभिल,विएण्ड . .आ | सब इन्जिनियर | सहायकस्तर पाँचौं | १ |
| १९. | ५२०१९-२०/०८१-८२ | प्रदेश इन्जिनियरिङ,सिभिल,विएण्ड . .आ | सब इन्जिनियर | सहायकस्तर पाँचौं | ३ |
| २०. | ५२०२१/०८१-८२ | प्रदेश इन्जिनियरिङ,जियोलोजी,हा.जि. | हाप्राविधिक.जि. | सहायकस्तर पाँचौं | १ |
| २१. | ५३०१६/०८१-८२ | प्रदेश कृषि,भेटेरिनरी | पशु स्वास्थ्य प्राविधिक | सहायकस्तर पाँचौं | १ |
| २२. | ५३०१७/०८१-८२ | प्रदेश कृषि,भेटेरिनरी | पशु स्वास्थ्य प्राविधिक | सहायकस्तर पाँचौं | १ |
| २३. | ५४०१४/०८१-८२ | प्रदेश वन,स्वा.क.एण्ड वा. | भूसंरक्षण- सहायक | सहायकस्तर पाँचौं | १ |
| २४. | ५३०१९-२०/०८१-८२ | प्रदेश कृषि,कृषि एकिकृत | बाली/बागवानी/कृषि/ माटो प्राविधिक | सहायकस्तर पाँचौं | ६ |

| क्र.सं. | विज्ञापन नं. | सेवा, समूह, उपसमूह | पद | तह | सिफारिस संख्या |
|---|---|---|---|---|---|
| २५. | ५४०१५/०८१-८२ | प्रदेश वन,स्वा/.क.एण्डवा. फरेष्ट रिसर्च | भू/संरक्षण सहायक-रेञ्जर | सहायकस्तर पाँचौं | २ |
| २६. | ५४०१६/०८१-८२ | प्रदेश वन,बोटानी | बोटानी प्राविधिक | सहायकस्तर पाँचौं | १ |
| २७. | ५४०१७/२०८१-८२ | प्रदेश वन,जनरल फरेष्ट्री | रेञ्जर | सहायकस्तर पाँचौं | १ |
| २८. | ५४०१८-२१/०८१-८२ | प्रदेश वन,जनरल फरेष्ट्री | रेञ्जर | सहायकस्तर पाँचौं | ६ |
| २९. | ५००२७-३३/०८१-८२ | प्रदेश प्रशासन,सालेखा/प्र. | प्रशासन सहायक-सह/ लेखापाल | सहायकस्तर चौथो | १८ |
| ३०. | ५१०७७-७८/०८१-८२ | प्रदेश स्वास्थ्य,मे.टे.ल्या.,जमेल्याटे | ल्याव असिष्टेण्ट | सहायकस्तर चौथो | २ |
| ३१. | ५२०२२-२४/०८१-८२ | प्रदेश इन्जिनियरिङ,सिभिल,स्या. | खाटे.स.पा. | सहायकस्तर चौथो | २ |
| ३२. | ५१०७९/०८१-८२ | प्रदेश स्वास्थ्य,रेडियोग्राफी | डार्क रुम असिष्टेण्ट | सहायकस्तर चौथो | १ |
| ३३. | ५१०७३-७६/०८१-८२ | प्रदेश स्वास्थ्य,क.न.हे.प/.न. | अ.मी.न. | सहायकस्तर चौथो | ६ |
| ३४. | ५१०८०-८१/०८१-८२ | प्रदेश स्वास्थ्य,आयुर्वेद | वैद्य | सहायकस्तर चौथो | ३ |
| ३५. | ५४०२२-२७/२०८१-८२ | प्रदेश वन,जनरल फरेष्ट्री | फरेष्टर | सहायकस्तर चौथो | १० |
| ३६. | ५१०६६-७२/२०८१-८२ | प्रदेश स्वास्थ्य,हेल्थ इन्स्पेक्सन | अ.अ.चे.को /.व.हे. | सहायकस्तर चौथो | १५ |
| ३७. | ५४०२८-४४/०८१-८२ | प्रदेश वन,ज.फ. | वन रक्षक | सहायकस्तर तेस्रो | ११२ |
| | | | | कुल सिफारिस | २४३ |

आयोगबाट स्थायी नियुक्तिको लागि सिफारिस भएका उम्मेदवारहरू मध्ये १ वर्ष भित्र सो पदबाट राजिनामा दिई वा अन्य कारणबाट रिक्त रहेकोमा सो पदमा आयोगले स्थायी नियुक्तिको लागि वैकल्पिक उम्मेदवार सिफारिस गर्ने गर्दछ। यस अवधिमा विभिन्न पदमा ६ जना उम्मेदवारलाई वैकल्पिक उम्मेदवारको रुपमा नियुक्तिको लागि सिफारिस गरेको छ।

## १४. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण (२०८२।०८३ श्रावण, भदौ र असोज)

| बजेट उप शीर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| **२१०००००११३** | रु.९,०१,५०,०००।- | रु.१,३१,७२,१०६।- | १४.६१ |
| **२१०००००१३** | रु.३६,००,०००।- | रु.८,७८,०१६।- | २४.३८ |
| **२१०००००११४** | रु.६२,५०,०००।- | ० | ० |
| | रु.१०,००,००,०००।- | रु१,४०,५०,१२२।- | १४.०५ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रकाशित २०८२।८३ को आय व्ययको प्रारम्भिक विवरण*

## १५. सार्वजनिक निकायको वेबसाइट

प्रदेश लोक सेवा आयोगको वेबसाइट www.ppsc.lumbini.gov.np

## १६. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

आयोगको ऐन, नियमावली र निर्देशिकामा गोप्य रहने भनी उल्लेख गरेका सूचना बाहेक सबै सूचनाहरू प्रकाशन हुने गरेको।

## १७. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

- आयोगको वेवसाइट www.ppsc.lumbini.gov.np,
- प्रदेश लोक सेवा आयोगको वार्षिक प्रतिवेदन (वार्षिक रुपमा),
- आयोगबाट हुने पदपूर्तिको विज्ञापन गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन गर्ने गरिएको,
- प्रदेश लोक सेवा आयोगको फेसबुक पेजः www.facebook.com/ppsc.lumbini प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश बुटवल।

***